म्याग्दे गाउँपालिका
Myagde Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
छाङ्ग, तनहुँ
Chhang, Tanahun
२०७३ (2073)
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं. (Ref.No.):- २०८०/८१
च.नं. (Dis.No.):- १२२६
मिति (Date):-

**आ.व. २०८१/०८२ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन पेश गर्ने सम्बन्धि सूचना।**

**मितिः २०८०/११/०३**

रोजगारीको हक सम्बन्धी ऐन, २०७४ को दफा ११, रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्धी रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०८१/८२ मा म्याग्दे गाँउपालिका मातहतमा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक एक आ.व.मा न्यूनतम १०० दिनको रोगजागरीमा संलग्न नभएका, नेपाल सरकारले तोकेको न्यूनतम पारिवारिक आय वार्षिक रु ६६८००/-भन्दा कम रहेका १८ दखि ५९ वर्ष उमेर समुहका वेरोजगार व्यक्तिहरले २०८० फागुन मसान्त भित्रमा आफु स्थायी बसोबास गरेको वडा कार्यालयमा वेरोजगारीको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

निवेदन यस कार्यालयको आधिकारीक वेवसाईट https://myagdemun.gov.np, सम्बन्धित वडा कार्यालय र रोजगार सेवा केन्द्रबाट निःशुल्क प्राप्त गर्न सकिनेछ। निवेदन दिनका लागि आवश्यक कागजातहरु तपसिल बमोजिम रहेका छन्। सम्पूर्ण विवरण भरि वडा कार्यालयले प्रमाणित गरेका निवेदन मात्र EMIS मा दर्ता गरिने हुँदा सो बमोजिम गर्न गराउनुहुन सम्बन्धित सबैमा अनुरोध छ।

**तपसिलः**

१. सम्बन्धित व्यक्तिको फोटो र नागरिकताको प्रतिलिपी १/१ प्रति,
२. परिवारका सम्पूर्ण सदस्यहरुको पारिवारिक तथा नागरिकताको विवरण (जन्म मिति, नागरिकता नं र जारी मिति, शैक्षिक योग्यता, रोजगारीको अवस्था र सामाजिक सूरक्षा भत्ता बुझे/नबुझेको विवरण)
३. आवश्यकता अनुसार विवाह दर्ता तथा वसाइसराईको प्रमाणपत्रको प्रतिलिपी,
४. बैंक खाताको विवरण, (हाल अनिवार्य नरहको)
५. सम्बन्धित व्यक्तिको वा परिवारको सम्पर्क नम्बर।

२०८०/११/०३
नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत